# बुद्धशान्ति राजपत्र

## बुद्धशान्ति गाउँपालिकाद्वारा प्रकाशित

| खण्डः ७ | संख्याः ७ | प्रकाशन मितिः २०८०।०५।११ |
|---|---|---|
| कार्यपालिकाबाट स्वीकृतः २०८०।०५।१० | | |


## भाग-२

## बुद्धशान्ति गाउँपालिका

## सम्बत २०८० सालको कार्यविधि नं. ७

## बुद्धशान्ति गाउँपालिकाको जग्गा वर्गीकरण सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८०

प्रस्तावनाः बुद्धशान्ति गाउँपालिकाको जग्गा वर्गीकरण सम्बन्धी कार्यविधि, २०८० लाई संशोधन गर्न बाञ्छनीय भएकोले गाउँ कार्यपालिकाको मिति २०८०।०५।१० गते बसेको तेस्रो बैठकले यो कार्यविधिको पहिलो संशोधन गरी जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधिको नाम बुद्धशान्ति गाउँपालिकाको जग्गा वर्गीकरण सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८० रहेको छ ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

३. मूल कार्यविधिको दफा ३ को उपदफा (क) संशोधनः

क. स्थानीय आवश्यकताको आधारमा भूउपयोग परिषदले गरेको वर्गीकरणलाई आधार मानी वर्गीकृत क्षेत्रको आधारमा कित्ताकाट गरिनेछ । ५००० व.मि. र सो भन्दा वढी क्षेत्रफल भएका जग्गाहरुको कित्ताकाट गर्दा आवास र व्यवसायिक क्षेत्रमा वर्गीकृत जग्गाहरुमा फिल्डमा कम्तिमा ६ मि चौडाइको बाटो रहेको हुनुपर्नेछ र सो सम्बन्धमा बुद्धशान्ति गाउँकार्यपालिकाको फिल्ड स्केच नक्सा सहित, बाटो प्रमाणित सिफारिस बमोजिम कित्ताकाट गर्नुपर्नेछ ।

ख. मूल कार्यविधिको दफा ९ को उपदफा १ पछि देहायको विषय थप गर्नेः

क. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि व्यवसायिक/आवासिय क्षेत्र भित्रका २०० मिटर सम्म लम्बाई भएको बाटोको चौडाई ४ मिटर भएता पनि कित्ताकाट गर्न सकिनेछ ।

ख. व्यवसायिक क्षेत्रमा वर्गीकृत भएका जग्गाहरुलाई आवश्यकताका आधारमा वडा कार्यालयको स्थालगत अनुगमन समेतका आधारमा गरिएको सिफारिस अनुसार स्थानीय भू-उपयोग परिषदको निर्णय समेतका आधारमा ५ धुर सम्म कित्ताकाट गर्न सकिनेछ ।

ग. भू-उपयोग परिषदबाट तयार भएको भू-उपयोग नक्सामा अन्य क्षेत्रमा परेको भएता पनि बाटोले छोएको जग्गा फिल्ड निरीक्षण गरी स्केच नक्सा प्रमाणित गरि व्यावसायिक/आवास क्षेत्रको कित्ताबाट सिफारिस गर्न सकिनेछ ।

घ. भू-उपयोग परिषदबाट स्वीकृत भएको वर्गीकृत नक्सामा एकै कित्ता फरक फरक क्षेत्रमा परेको भएता पनि देहायको प्राथमिकताक्रम अनुसार सम्बन्धित जग्गा धनीले माग गरे अनुसार कायम गरि सिफारिस गर्न सकिनेछ ।

अ. व्यावसायिक क्षेत्र

आ. आवास क्षेत्र

इ. कृषि क्षेत्र

ङ. कित्तागत विवरण तयार गर्दा केहि विषयमा त्रुटि भएको पाइएमा स्थानिय भूउपयोग परिषदबाट स्वीकृत आधार तथा मापदण्ड र क्षेत्रगत नक्सा(जोन नक्सा)को आधारमा नापी कार्यालयसँग समन्वय गरि भुल सुधार गर्न साकिनेछ।

च. फाइल नक्सा तयार गरिएको बर्गीकृत विवरणमा कित्ता नम्बर छुट भएका कित्ताहरुको भू-उपयोग क्षेत्र बर्गीकरण गर्दा मुल कित्ता जुन क्षेत्रमा बर्गिकरण भएको छ, सोहि क्षेत्रमा बर्गिकरण भएको मानिनेछ।

छ. साविकमा नक्सामा बाटो कायम गरि हाल फिल्डमा नदेखिएको बाटोले छोएका जग्गाहरुलाई समेत आवास क्षेत्र कायम गरि कित्ताकाट सिफारिस गरिनेछ ।

ज. बाटोले छोएका वा निकास भएका जग्गाहरु स्थानीय आवश्यकताका अनुसार आवास क्षेत्र मानि कित्ताकाट गर्न सकिने छ ।